# अरुण उपत्यकाका मौलिक उखानहरू

***उपप्राध्यापक राजेन्द्र सर्वहारा निरौला***
*प्रमुख, शिक्षाशास्त्र सङ्काय, वरुण बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय*
*rsarbaharan@gmail.com*

**लेखसार**

यस लेखमा अरुण उपत्यकाका मौलिक उखानहरूबारे चर्चा गरिएको छ । नेपाली उखानहरूको प्रशस्त सङ्कलन, अध्ययन र वर्गीकरण भए तापनि अरुण उपत्यकाका मौलिक पहिचान रहेका उखानहरूबारे कमै अनुसन्धान गरिएका छन् । यस अनुसन्धानमा अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको पहिचान गर्नु र अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको विषयक्षेत्र र वैचारिक आधारमा वर्गीकरण गर्नु मुख्य दुई वटा उद्देश्यहरू राखिएका छन् । उखानको सङ्कलन र वर्गीकरण धेरै नै भएका छन् तर पूर्वीय क्षेत्रका र त्यसमा पनि भाषिक तथा सांस्कृतिक विविधता रहेको अरुण उपत्यकामा प्रयोग हुने मौलिक एवम् विशिष्ट उखानहरूको न पर्याप्त टिपोट र सङ्कलन नै भएको छ न त तिनको वर्गीकरण नै । अत: अरुण उपत्यकामा प्रयोगमा रहेका विशिष्ट उखानहरूलाई पहिचान गर्न र वर्गीकरण गर्न यो अध्ययन गरिएको हो । यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै विधि प्रयोग गरिएको छ अर्थात् यसमा मिश्रित विधिको प्रयोग गरिएको छ । त्यस्तै यसमा परिमाणात्मक तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली निर्माण गरी सर्वेक्षण विधिको प्रयोग गरिएको छ भने गुणात्मक तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता विधिको समेत प्रयोग गरिएको छ । यसरी सर्वेक्षण र अन्तर्वार्ता विधिको प्रयोग गरी प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । अनुसन्धानको मुख्य प्राप्ति भनेको अरुण उपत्यकामा प्रचलित एक सयभन्दा धेरै मौलिक उखानहरूको पहिचान हुनु हो । ती उखानहरुलाई विषय क्षेत्रका आधारमा र वैचारिक आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । विषय क्षेत्रका आधारमा वर्गीकरण गर्दा लोकविश्वास, कृषि, मानवीय स्वभाव, खानपान, साइनो, नैतिक शिक्षा र व्यङ्ग्यात्मक उपशीर्षकमा विश्लेषण गरिएको छ भने वैचारिक आधारमा वर्गीकरण गर्दा परिवर्तनकारी विचार प्रदायक र यथास्थितिवादी विचार प्रदायक गरेर दुई प्रकारको वर्गीकरण गरी अध्ययन विश्लेषण गर्दा २१ प्रतिशत उखानहरू मात्र परिवर्तनकारी विचार प्रदायक रहेको पाइयो भने बाँकी समाजमा अझैँ पनि यथास्थितिवादी विचार प्रदायक उखानहरूको प्रयोग भइरहेको पाइएको हो । यसरी उखानहरू सामाजिक जीवनमा प्रयोग हुने महत्वपूर्ण विषयवस्तु बनेको पाइयो ।

***शव्दकुन्जी :*** *अरुण उपत्यका, मौलिक उखान, समाज, लोकविश्वास, वैचारिक*

## परिचय

अरुण उपत्यका क्षेत्रमा प्रसस्त मौलिक उखानहरूको प्रयोग भएको भेटिन्छ । उखान भन्नाले लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति; लोकोक्ति; आहान; कहावत भन्ने बुझिन्छ (उप्रेती र अन्य,२०७९) । उखान भनेका लौकिक वाणीहरू हुन् अर्थात् लोकमान्यता पाएका सूक्तिहरू हुन् । वास्तवमा उखान भनेको पदलालित्याले हिस्सी परेको एक लाक्षणिक भावले पूर्ण भएको लोकोक्ति हो (जोशी,२०४१) । उखान यस्तो कथन हो जसले सूत्रात्मक अभिव्यक्ति गर्दछ ।

अरुण उपत्यका भनेर तुम्लिङटार आसपासलाई केन्द्र मानी सङ्खुवासभा, भोजपुर र धनकुटा जिल्लाका खास क्षेत्रलाई बुझिन्छ । सङ्खुवासभा जिल्लाका खाँदबारी, चैनपुर, पाँचखपन र धर्मदेवी नगरपालिका तथा भोटखोला, शिलिचोङ र सभापोखरी गाउँपालिका यस उपत्यकामा पर्दछन् भने भोजपुर जिल्लाका षडानन्द नगरपालिका र अरुण गाउँपालिका एवम् धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिकासमेत यस उपत्यकाभित्र पर्दछन् ।

मूलतः उखानले शव्दशक्तिका अभिधा, लक्षणा र व्यन्जना तीन वटा तहमध्ये लक्षणात्मक र व्यन्जनात्मक प्रकृतिको अभिव्यक्ति गर्दछ। त्यसमा पनि प्रायशः उखानहरू व्यन्जनार्थ प्रधान हुन्छन्। व्यक्तिको अभिव्यक्तिलाई कँसिलो, सूत्रात्मक तथा ओझपूर्ण तुल्याउनका लागि भाषाका वक्ता तथा लेखकहरूले यसको प्रचुर मात्रामा प्रयोग गर्दछन्। अरुण उपत्यकाका नेपाली भाषी वक्ताहरूले बोलेका वाक्यहरू तथा लेख रचनामा प्रयोग भएका भाषिक सामग्रीहरूमा भएका उखानहरू सङ्कलन गरी यहाँ अध्ययन गरिएको छ।

यस्ता नेपाली उखानाहरूको प्रशस्त सङ्कलन, अध्ययन र वर्गीकरण भएका पनि छन्। दीक्षित (२०२७) ले उखानको सङ्कलन गर्ने क्रममा काठमाडौं, गोर्खा, पाल्पा तथा धनकुटालगायतका स्थानबाट सङ्कलन गरेका उखानहरू विश्लेषण गर्दा स्थानगत विविधताका आधारमा उखान पनि अलग अलग प्रयोग हुने कुरा व्यक्त गरेका छन्। त्यस्तै, प्राध्यापक, अनुसन्धानकर्ता तथा नेपाली विषयका विद्यार्थीहरूबाट ठूलो मात्रामा उखानको अध्ययन गरिएको पाइन्छ। आकार, विषय र सन्देशका दृष्टिले धेरै उखानहरू प्रचलनमा आएका छन्। यसै क्रममा पन्थी (२०३६) ले उखानको भाषिक महत्त्व तथा यसमा भएका सीमित शव्द र ती शव्दको व्यङ्ग्यात्मक अर्थले श्रोता तथा पाठकमा गहिरो प्रभाव पार्ने कुरा उल्लेख गर्दै उखानको व्यापक चर्चा गरेका छन्। त्यस्तै सुबेदी (२०५५) ले उखान र टुक्का दुई बेग्लाबेग्लै विषय भए पनि प्रायः एकै ठाउँमा राखी अध्ययन गरिएको निष्कर्ष निकालेका छन्।

अज्ञात (२०५६) ले उखानको सैध्दान्तिक विश्लेषण गरी निष्कर्ष निकाल्दै यसका मूलभूत विशेषताहरूसमेत औँल्याएका छन्। यसै गरी बन्धु (२०५५) ले लोक साहित्यका अन्य कुराका अतिरिक्त उखानका तत्वहरू तथा विशेषताहरू उल्लेख गरी यसको अध्ययन परम्परासमेतको विश्लेशण एवम् परिचर्चा गरेका छन्। भट्टराई (२०५८) ले सासु बुहारीका विषयमा लोक जीवनमा प्रचलित उखानहरूको सङ्कलन गरी लैङ्गिक दृष्टिले यसको विश्लेषण गरेका छन्। यसरी नै नेपाल (२०५९) ले नेपालका विविध जातिलाई किटान गरी लोकजीवनमा बोलिने उखानहरूको चर्चा गरेका छन् भने पौड्याल (२०६३) ले उखानको वाक्यतात्विक अध्ययनका साथै लोक जीवनका रीतिथिति, विश्वास, चालचलन बोकेका उखानहरूले अभिधेय अर्थ दिन्छन् भन्दै सामाजिक परिवेश, धार्मिक-सांकृतिक वातावरण जीवन दर्शन, नीति चेतना, कृषि व्यवसाय आदि विषयलाई प्रभावकारी रुपमा प्रस्तुत गर्न उखानको महत्वपूर्ण भूमिका हुने निष्कर्ष निकालेका छन्। यसै गरी अधिकारी (२०२३) ले नेपाली उखानमा प्राणी र वातावरणसँग मानिसको सम्बन्ध खोजी गर्दै कतिपय उखानहरूमा पर्यावरणमैत्री भाषिक व्यवहार हुन नसकेको निष्कर्ष निकालेका छन्।

उखानहरूलाई वर्गीकरण गर्ने धेरै आधारहरू छन्। यसको अध्ययन गर्ने सन्दर्भमा आ-आफ्ना कृतिमा विद्वानहरूले फरकफरक पाराले वर्गीकरण गरेको देखिन्छ। पराजुली (२०५८) ले नेपाली उखान र गाउँ खाने कथामा निम्नानुसार वर्गीकरण गर्न सकिने बताएका छन् : १. सामाजिक तथा नीति चेतानासम्बन्धी, २. ज्ञान-विज्ञानसम्बन्धी, ३. कृषि-व्यवसायसम्बन्धी, ४. लोकविश्वाससम्बन्धी र ५. विविध विश्वाससम्बन्धी। त्यस्तै बन्धु (२०५८) ले नेपाली लोकसाहित्यमा निम्न छ वटा आधारमा उखानको वार्गीकरण गर्न सकिने उल्लेख गरेका छन् : १. शब्दस्रोतका आधारमा : तत्सम शब्दको बाहुल्य भएका उखानहरू, तद्भव र झर्रा शब्दका उखानहरू र आगन्तुक शब्द मिश्रित उखानहरू; २. वाक्य संरचनाका आधारमा : सरल उखानहरू र जटिल उखानहरू; ३. वाक्यार्थ वा भावका आधारमा : निश्चयार्थक उखानहरू, प्रश्नार्थक उखानहरू र विध्यर्थक उखानहरू; ४. दृष्टिबिन्दुका आधारमा : प्रथम पुरुष वाचक उखानहरू, द्वितीय पुरुष वाचक उखानहरू र तृतीय पुरुष वाचक उखानहरू; ५. आकारका आधारमा : छोटा उखानहरू, मझौला उखानहरू र लामा उखानहरू; ६. अर्थका आधारमा : अभिधामूलक उखानहरू, लक्षणामूलक उखानहरू र व्यन्जनामूलक उखानहरू।

यसरी हेर्दा उखानको सङ्कलन र वर्गीकरण विभिन्न आधारमा विभिन्न समयमा धेरै नै भएका छन् तर पूर्वीय क्षेत्रका र त्यसमा पनि भाषिक तथा सांस्कृतिक विविधता रहेको अरुण उपत्यकामा प्रयोग हुने मौलिक एवम् विशिष्ट उखानहरूको न त पर्याप्त टिपोट र सङ्कलन नै भएको छ न त तिनको वर्गीकरण नै । अर्थात् उक्त अध्ययनहरूले अरुण उपत्यकाका विशिष्ट उखानाहरूलाई सम्बोधन गर्न र वर्गीकरण गर्न सकेको देखिएन । त्यसैले अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरू के-कति छन् ? के-कति प्रकारले वर्गीकरण र विश्लेषण गर्न सकिन्छ भनेर यो अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्यनका मूलतः निम्न दुई वटा उद्देश्यहरू रहेका छन् :

(क) अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको पहिचान गर्नु, र

(ख) अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको विषयक्षेत्र र वैचारिक आधारमा वर्गीकरण गर्नु ।

यस अध्ययनले उखानसित सम्बन्धित गाउँ समाजमा छुटेर रहेका महत्वपूर्ण र मौलिक उखानका क्षेत्रमा चासो राख्नेहरूलाई ज्ञानको भण्डार भर्न सहयोग गर्दछ । त्यस्तै यस अध्ययनबाट जनजीवनका क्षेत्रमा प्रयोग हुने तर ज्यादै कम सङ्ख्याका वक्ताले बोलचालमा प्रयोगमा ल्याउने गरेकाले लोप हुने अवस्था देखिएका उखानाहरूको बचाउ हुने देखिन्छ । यी उखानाहरूले प्रयोगकर्ताको भाषा प्रभावकारी बनाउन पनि मद्धत गर्दछन् । यसका साथै यस अध्ययनले एकातिर उखान र लोकजीवनका क्षेत्रमा अध्ययन गर्ने जिज्ञासुहरूलाई मार्ग प्रशस्त पनि गर्दछ भने अर्कातिर पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माणमा समेत सहयोग गर्दछ ।

## अध्ययन विधि

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै विधि प्रयोग गरी गरिएको छ अर्थात् यसमा मिश्रित विधिको प्रयोग गरिएको छ । त्यस्तै यसमा परिमाणात्मक तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली निर्माण गरी सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता विधिको समेत प्रयोग गरिएको छ । यसरी सर्वेक्षण र अन्तर्वार्ता विधिको प्रयोग गरी प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

यो अध्ययन अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूमा आधारित रहेको छ । उखान पहिचानका लागि प्रश्नावली निर्माण गरी प्रत्येक पालिकाबाट ५/५ जनाका दरले अरुण उपत्यका क्षेत्रका उच्च शिक्षामा अध्ययनरत ५० जना विद्यार्थीलाई प्रश्नावली भर्न पठाई उखानहरू सङ्कलन गरिएको छ तथा बस्तीका ३० जना जेष्ठ नागरिक उत्तरदाताहरूसितअध्येता आफैँ पुगी अन्तर्वार्ता लिई, सोधिखोजी गरी गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । बस्तीका मानिसहरूलाई छनोट गर्दा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी अरुण उपत्यकाका सबै पालिकाहरू समेटी विक्रम संवत् २०८० सालको पुष र माघ महिनामा तथ्याङ्क सङ्कलन गरिएको छ ।


यसरी अध्ययन गर्ने क्रममा उखानहरू सङ्कलन गर्दा निज उत्तरदाताहरूबाट उखान उपलब्ध भएकामा त्यस तथ्याङ्कलाई जस्ताको त्यस्तै राखिएको छ । उत्तरदाताहरूबाट सामग्री लिई प्रकाशन गर्ने अनुमति लिइएको छ । उखानहरू सङ्कलन गरी अरूलाई अध्ययन गर्न दिइएको छैन । अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको अध्ययन गरिएको यस अनुसन्धानमा उक्त ५० जना सङ्कलक तथा ३० जना उत्तरदाताले दिएका उखानहरूको मात्र अध्ययन गरिएको छ साथै सङ्कलित उखानमध्ये पनि सकेसम्म अन्यत्रभन्दा अरुण उपत्यका क्षेत्रमा प्रयोगमा आउने मौलिम विशेषता बोकेका, स्थानीय शव्दावलीको प्रयोग भएका उखानको मात्र सङ्कलन तथा अध्ययन गरिएको छ ।

## प्राप्ति तथा छलफल

यस खण्डमा सामग्री तथा तथ्याङ्कहरूको विश्लेषणपश्चात् प्राप्त भएका जानकारीहरूलाई अध्ययनको उद्देश्यअनुसार अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको पहिचान गरी विषयक्षेत्र तथा वैचारिक आधारमा वर्गीकरण गरिएको छ । अध्ययनका क्रममा उत्तरदाताहरूबाट १०५ वटा उखान पहिचान भएकोमा तिनीहरुको प्रयोग विभिन्न आधारमा गरिएको पाइयो । उखानहरूको अध्ययन र विश्लेषण गर्दा मौलिकतासहित छ प्रकारका विषयक्षेत्र र दुई प्रकारका वैचारिक उखानहरू सङ्कलक तथा उत्तरदाताका माध्यमबाट पहिचान गरिएका छन् ।

### विषयक्षेत्रका आधारमा वर्गीकरण

नेपाली भाषामा प्रयोग हुने उखानहरू विभिन्न विषयक्षेत्रसँग सम्बन्धित हुने भए तापनि यस अध्ययनमा अरुण उपत्यकाभित्र पहिचान भएका मौलिक उखानहरूलाई निम्नअनुसार सात प्रकारमा प्रतिशतका आधारमातालिका १ मा राखी विश्लेषण गरिएको छ :




स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०

### लोकविश्वाससम्बन्धी उखान

अरुण उपत्यकाका मौलिक उखानहरूको अध्ययनले ३१% उखानहरू लोकविश्वाससम्बन्धी भएको देखाएको छ । अर्थात्, सबैभन्दा धेरै लोकविश्वाससम्बन्धी उखान फेला परेका छन् । लोकजीवन छुट्टै परम्परा, आस्था, विश्वास तथा अनुभवमा निहित हुने हुनाले तिनै विषयसँग सम्बन्धित उखानहरू लोकविश्वाससम्बन्धी उखान हुन् । अध्ययनबाट अरुण उपत्यकामा लोकविश्वाससम्बन्धी प्राप्त भएका ३३ वटा उखानहरू निम्न लिखित छन् :

अचार खानु मुलाको सङ्गत गर्नु ठूलाको । आधा दाम भए हिँड घोडा किन्न, खुर्सानी बिना भतेर अड्किन्न । एक माना छोक्रा बाह्र माना पानी, दिनेलाईभन्दा खानेलाई हानी । कता हराइस् नौनी बिलौनीमा । कमलकोटीहरू माटाका दरबार बनाइरहन्छन् । कि भयो छ्याङ्कुटीको बास कि भयो सत्यनास । खसी जोख्नु सय चोटि मान्छे जोख्नु एक चोटि । खानु अरे आफ्नो रुचि, लाउनु अरे अर्काको रुचि । खेप गए केको खोट, चितुवाको हजार गोठ । गहिराको घरलाई पहिराको डर, डाँडाको घरलाई जाडाको डर । गाँसीगुसी एकैनासी । घर नबनाएको छोराले र सुत्केरी नभएकी बुहारीले केही बुझ्दैनन् । घैया रोपेर धान फल्दैन । चिप्लो न चाप्लो त्यसै दुख्छ थाप्लो । चिनेको चोरले काट्छ । चीनको राजा भोटको नुन ज्यानै दिए नि देख्दैन गुन । जहाँ स्त्री उहीं श्री । जाँड बिग्रने मर्चा गुना छोराछोरी बिग्रने आमा गुना । जिम्मेवारी बिनाको जिम्मावाललाई गुलामले नि लखेट्छ । झिंगो मारी धार्नी न बिसौली ।डरलाग्दा मान्छेका घिनलाग्दा कुरा ।ढिकीले स्वर्गमा पनी धानै कुट्छ । तरुल पनि खनिने बुढी पनि पुरिने । तातो खुँदो निल्नु न ओकल्नु । दमाईका लुगामा तुना छिनेको । दिउँ भने आफू नाङ्गो नदिउँ भने माग्नेको मुख बाङ्गो । नहुने बेलामा गन्हाउने मुख । फूलको वासना वरिपरि मान्छेको वासना डाँडापारि । फनफन गर्ने कुमालेको चक्र, घुमिफिरी आइहाल्छ यहीं बसेर पक्र । मध्य रातमा बास्ने चरो, ताईबाट फुत्केर भूङ्ग्रामा झर्यो । लोग्ने मान्छे बारको काठ । सुरक्षाका लागि लाठी टेक्यो, त्यही लाठीले खप्पर सेक्यो । लोहाको बैरी लोहा । (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**व्यङ्ग्यसम्बन्धी उखान**

प्रस्तुत अध्ययनले २९% उखानहरू यस प्रकृतिका भएको देखाएको छ । अर्थात्, व्यङ्ग्यसम्बन्धी उखान पनि दोस्रो सबैभन्दा धेरै प्राप्त भएको क्षेत्रभित्र पर्दछ । उखानले व्यङ्ग्यात्मक पाराले समाजका नराम्रा पक्षलाई तीव्र रूपमा विरोध गरेको भेट्टाइएको छ । कामलाई आलटाल गर्ने प्रवृत्ति, अरूको मात्र कमजोरी देख्ने मानवीय स्वभाव जस्ता कुरालाई यस प्रकृतिका उखानले प्रस्ट पार्न सहयोग गरेको देखिन्छ । यस अध्ययनबाट अरुण उपत्यकामा व्यङ्ग्यसम्बन्धी प्राप्त भएका ३० वटा मौलिक उखानहरू निम्न लिखित छन् :

आज मर्यो भोलि औषधि । आफूलाई चाहिँदा साथीभाइ जुटाउने, खिर ख्वाएर हिलाले चुठाउने । आफ्ना टाउकामा घोडा कुदेको नदेख्ने अर्काको टाउकामा जुम्रा कुदेको देख्ने । आफ्नो दिउँ त मै मरिजाऊँ अरूको पाए तीन माना खाऊँ । एक आना धन छ बारी किन्छु भान्छ । काम छोडी कैबेद कुकुरलाई नैवेद । काले काले मिलेर खाऔं भाले । गरिबको धन दश पल्ट गन । गाउँभरिको साइनो पानी खान पाइन । घिच्न जान्दैन पकाउनेलाई दोस । चकचके बाँदरको चाकमा घाउ । चण्डाललाई रुद्राक्षको माला । चोरको मनमा जहिले नि चिन्ता । छालो जाला कालो जाँदैन । छेपाराको मन्त्र नाजान्ने सर्पको दुलामा हात हाल्ने ।  त्यस्तै गरी, छोरो उत्ताउलो भए घुँडो भाच्छ । जति मान्छे त्यति खिचडी । जान्नु न तान्नु थुतुनो मात्रै तान्नु । जिब्रो धेरै चिल्लो हुनेको मन कालो हुन्छ । जुनकिरीको पिंधले स्वर्गमा उज्यालो हुँदैन । झिंगाको मुखमा चुक अमिलो । ठाडो टीको लाउँछे स्वामीकहाँ धाउँछे । दिनभरि चाहारिस् ओल्लो र पल्लो, अब खालिस् सक्खरको डल्लो । धाकभन्दा धक्कु ठूलो हिड्ने बेला खुट्टा लुलो । पाँच पैसाको ल्वाङ छैन दश पैसाको स्वाङ । बैंसमा सबै सत्यनास बुढेसकालमा पाटीको बास । भाङ्ग्राको टोपीलाई गुहेलाको फूल । ल्याङ्ग्रे केटो के जोखिनु ? टपरी माझेर के चोखिनु ? हीराको कचौरामा किराको बास । (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**नैतिक शिक्षासम्बन्धी उखान**

मामिसले नीति नियम तथा अनुशासनमा बाधिएर बस्नुपर्ने हुन्छ । अरुण उपत्यकाको जनजीवनमा चलेका उखानले नीति नियमसम्बन्धी शिक्षा दिएर खाराब कार्यमा प्रेरित हुनबाट बचाएको देखिन्छ । यहाँका उखानले समाजलाई सकारात्मक मार्ग

निर्देशन गरेको पाइयो। यस्ता उखानहरू १२% रहेको तथ्याङ्कले बताएको छ। यसरी नैतिकता र इमान्दारीको पाठ सिकाउने नैतिक शिक्षासम्बन्धी १३ वटा उखानहरू यस प्रकार पाइएका छन् :

> अल्छी लागे काउसो घस्नु, ऋण लागे जमानी बस्नु। गुरु मान्नु बुझेर, बिहे गर्नु रोजेर। जता ओरालो उतै गङ्गाजी। जुवाको धन गन्दै नगन्। ठाउँमा लगाए त्यही गाजल, कुठाउँमा लगाए त्यही मोसो। दरबारमा जन्मदैमा सबै राजा हुँदैन। रात राम्रो जूनले मान्छे राम्रो गुनले। सङ्गतले मान्छे चिनिन्छ, मोहोर भए जे नि किनिन्छ। सुनलाई खोल हाल्नु पर्दैन। हत्केलामा तोरी उम्रदैन। हल्लिएको दाँत एक दिन फुस्कन्छ। हाँसीहाँसी कँसेको गाँठो रोईरोई फुकाउनु पर्छ। हुँदैमा कदर गर्नु गुमेपछि मकालु नै ठडिए पनि काम छैन। (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**कृषिसम्बन्धी उखान**

अरुण उपत्यकाका मौलिक उखानहरूको अध्ययनले ११% उखानहरू यस प्रकृतिका भएको देखाएको छ। परिश्रमपूर्वक आफ्नो काम गर्दा जीवन सफल हुने भाव झल्कने कृषिसम्बन्धी १२ वटा उखानयस प्रकार रहेका छन् :

> अल्छीलाई बल्छी मर्दलाई जाल। खेताला लाए छैन काम, छोराछोरी पठाए आधा काम, आफै गए पुरै काम। जसले बोक्छ भारी खान्छ मेख मारी। पाडो खानेले बाच्छो राख्दैन। पोहोरको मकै धेर यसपालिको जाडो धेर। बाख्राले बिराउँछ भेडाको कान काट्ने। बालुवा निचोरेर तेल आउँदैन। मागेको गोरु चोरेको हलो, बाच्नुभन्दा मरेको भलो। माझीको घर माछा उपहार। शुक्र उदाए फर्सी कुदाए। सख्खरको नाम जपेर मुख गुलियो हुँदैन। हरेलोमा करेलो बेच्नु खाँदबारीमा लसुन प्याज। हान्ने गोरुको छेर्ने बानी।(स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**साइनोसम्बन्धी उखान**

अध्ययनबाट प्राप्त भएका बाआमा, छोराछोरी, जेठाजु, झड्केला छोराछोरी आदि नेपाली साइनोसित सम्बन्धित ७% मौलिक उखानहरू निम्न छन् :

> असल बाउआमाका छोराछोरी तीरभन्दा तिखा। आमाको काखमा छम्मछम्म, माछाको बल पानीसम्म। जसकी आमा भान्से उसकै छोरो भोकै। जेठाजुको हातको कोदालो सजिलो। झड्केला छोराछोरी खड्कुलाको भात। पिटे पनि आमै जाती पोले पनि घामै जाती। लक्का छोरालाई केको धक्का। (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**खानपानसम्बन्धी उखान**

यस अध्ययनबाट प्राप्त भएका आहार, विष, जाँड, रस, छोक्रा, कसार, भात, काँक्रो, चिया, दही, मोही, कोसेली, घिउ आदि खानपानसम्बन्धी ६% मौलिक उखानहरू निम्न छन् :

> कोहीको आहार कोहीको विष। जाँडको पो रस र छोक्रा, कसारको गुदी न बोक्रा। टपरीमा भात हातमा सिन्को, निर्वाह भयो आजको दिनको। नपाउनेले काँक्रो पायो चियासँग चोबेर खायो।बाक्लो दही भएको घरमा पातलो मोहीको कोसेकी। सम्धीको निउले मलाई पनि घिउले। (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)


**मानवीय स्वभावसम्बन्धी उखान**

अध्ययनअनुसार सबैभन्दा कम सङ्ख्यामा प्राप्त भएका मानवीय स्वभावसम्बन्धी ४% उखानहरू निम्न लिखित छन् :

अरुको बारीको काक्रो चोर्ने आफ्नो भने नुनको ढिको नफोर्ने ।अलिकति धनी भयो भने राजाको सान देखाउँछ । असारमा सुरुवाल लगाउनेले मंसिरमा पराल चोर्छ । एउटा भए सरासर, दुइटा भए भराभर, तीन वटा भए टाउको फोराफोर । (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**अरुण उपत्यकाका मौलिक उखानहरूको वैचारिक आधारमा वर्गीकरण**

यस खण्डमा अरुण उपत्यकामा प्रयोग हुने मौलिक उखानहरूको वैचारिक आधारमा वर्गीकरणगरिएको छ । वैचारिक आधारमा वर्गीकरण गरी विश्लेषण गर्दा परिवर्तनकारी विचार प्रदायक र यथास्थितिवादी विचार प्रदायक गरी दुई प्रकारले उखानहरूको अध्ययन गरिएको छ । नेपाली भाषामा प्रयोग हुने वैचारिक उखानहरू विभिन्न प्रकृतिका भए पनि यस अध्ययनअनुसार अरुण उपत्यकाभित्र पहिचान भएका मौलिक उखानहरूलाई निम्नअनुसार दुई प्रकारमा प्रतिशतका आधारमा घट्दो क्रमले तालिका २ मा विश्लेषण गरिएको छ :




स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०

**यथास्थितिवादी विचार प्रदायक उखान**

जुन मतमा विश्वास गर्दै आइएको छ त्यसबाट विचलित नभई स्थिर रहने एक सिद्धान्त; स्थिति जस्तो थियो वा छ त्यस्तै रहोस् भन्ने मत नै यथास्थितिवादी विचार हो (उप्रेती र अन्य, २०७९) । अरुण उपत्यकामा पहिचान भएकामध्ये यथास्थितिवादी विचार प्रदायक उखानहरू ७९% रहेएका छन् । यस्ता ८३ वटा उखानहरू यस प्रकार छन् :

यता अचार खानु मुलाको सङ्गत गर्नु ठूलाको । अरुको बारीको काक्रो चोर्ने आफ्नो भने नुनको ढिको नफोर्ने । अलिकति धनी भयो भने राजाको सान देखाउँछ । आफूलाई चाहिँदा साथीभाइ जुटाउने, खिर ख्वाएर हिलाले चुठाउने । आफ्ना टाउकामा घोडा कुदेको नदेख्ने अर्काको टाउकामा जुम्रा कुदेको देख्ने । आफ्नो दिउँ त मै मरिजाऊँ अरूको पाए तीन माना खाऊँ । आमाको काखमा छम्मछम्म, माछाको बल पानीसम्म । एउटा भए सरासर, दुइटा भए भरभर, तीनटा भए टाउको फोराफोर । एक माना छोक्रा बाह्र माना पानी, दिनेलाईभन्दा खानेलाई हानी । कता हराइस् नौनी बिलौनीमा । काले काले मिलेर खाऔं भाले । कि भयो छयाङ्कुटीको बास कि भयो सत्यनास । कोहीको आहार कोहीको बिष ।खसी जोख्नु सय चोटि मान्छे जोख्नु एक चोटि । खानु अरे आफ्नो रुचि, लाउनु अरे अर्काको रुचि । खेताला लाए छैन काम, छोराछोरी पठाए आधा काम, आफै गए पुरै काम । खेप गए केको खोट, चितुवाको हजार गोठ । गरिबको धन दश पल्ट गन ।गहिराको घरलाई पहिराको डर, डाँडाको घरलाई जाडाको डर । गाउँभरिको

साइनो पानी खान पाइन। गाँसीगुसी एकैनासी। गुरु मान्नु बुझेर, बिहे गर्नु रोजेर। घर नबनाएको छोराले र सुत्केरी नभएकी बुहारीले केही बुझ्दैनन्। घैया रोपेर धान फल्दैन।

चकचके बाँदरको चाकमा घाउ। चण्डाललाई रुद्राक्षको माला। चिप्लो न चाप्लो त्यसै दुख्छ थाप्लो। चिनेको चोरले काट्छ। चोरको मनमा जहिले नि चिन्ता। छालो जाला कालो जाँदैन।छेपाराको मन्त्र नाजान्ने सर्पको दुलामा हात हाल्ने। छोरो उत्ताउलो भए घुँडो भाच्छ। जता ओरालो उतै गङ्गाजी। जति मान्छे त्यति खिचडी। जाँडको पो रस र छोक्रा, कसारको गुदी न बोक्रा। जाँड बिग्रने मर्चा गुना छोराछोरी बिग्रने आमा गुना। जान्नु न तान्नु थुतुनो मात्रै तान्नु। जिब्रो धेरै चिल्लो हुनेको मन कालो हुन्छ। जिम्मेवारी बिनाको जिम्मावाललाई गुलामले नि लखेट्छ। जुनकिरीको पिंधले स्वर्गमा उज्यालो हुँदैन। जुवाको धन गन्दै नगन्। जेठाजुको हातको कोदालो सजिलो। झड्केला छोराछोरी खड्कुलाको भात।झिंगाको मुखमा चुक अमिलो। झिंगो मारी धार्नी न बिसौली। टपरीमा भात हातमा सिन्को, निर्वाह भयो आजको दिनको। ठाउँमा लगाए त्यही गाजल, कुठाउँमा लगाए त्यही मोसो। ठाडो टीको लाउँछे स्वामीकहाँ धाउँछे।ढिकीले स्वर्गमा पनी धानै कुट्छ। तरुल पनि खनिने बुढी पनि पुरिने। तातो खुँदो निल्नु न ओकल्नु। दमाईका लुगामा तुना छिनेको। दिउँ भने आफू नाङ्गो नदिउँ भने माग्नेको मुख बाङ्गो। दिनभरि चाहारिस् ओल्लो र पल्लो, अब खालिस् सक्खरको डल्लो। धाकभन्दा धक्कु ठूलो हिड्ने बेला खुट्टा लुलो। नपाउनेले काँक्रो पायो चियासँग चोबेर खायो। नहुने बेलामा गन्हाउने मुख। पाँच पैसाको ल्वाङ छैन दश पैसाको स्वाङ। (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

पिटे पनि आमै जाती पोले पनि घामै जाती। पोहोरको मकै धेर यसपालिको जाडो धेर। फनफन गर्ने कुमालेको चक्र, घुमिफिरी आइहाल्छ यहीं बसेर पक्र। फूलको वासना वरिपरि मान्छेको वासना डाँडापारि। बाक्लो दही भएको घरमा पातलो मोहीको कोसेकी। बालुवा निचोरेर तेल आउँदैन। बैंसमा सबै सत्यनास बुढेसकालमा पाटीको बास। भाङ्ग्राको टोपीलाई गुहेलाको फूल। मध्य रातमा बास्ने चरो, ताईबाट फुत्केर भूङ्ग्रामा झर्यो। मागेको गोरु चोरेको हलो, बाच्नुभन्दा मरेको भलो। माझीको घर माछा उपहार। रात राम्रो जूनले मान्छे राम्रो गुनले। लोग्ने मान्छे बारको काठ। सुरक्षाका लागि लाठी टेक्यो, त्यही लाठीले खप्पर सेक्यो। लक्का छोरालाई केको धक्का। लोहाको बैरी लोहा। ल्याङ्ग्रे केटो के जोखिनु ? टपरी माझेर के चोखिनु ? शुक्र उदाए फर्सी कुदाए। सङ्गतले मान्छे चिनिन्छ, मोहोर भए जे नि किनिन्छ। सम्धीको निउले मलाई पनि घिउ ले। सुनलाई खोल हाल्नु पर्दैन। हरेलोमा करेलो बेच्नु खाँदबारीमा लसुन प्याज। हान्ने गोरुको छेर्ने बानी। हीराको कचौरामा किराको बास। (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**परिवर्तनकारी विचार प्रदायक उखान**

परिवर्तन गर्ने गराउनेलाई परिवर्तनकारी भनिन्छ (उप्रेती र अन्य,२०७९)। यसअध्ययनबाट परिवर्तनकारी विचार प्रदायक २२ वटा उखानहरू पहिचान भएका छन्; जुन निम्नानुसार छन् :

अल्छीलाई बल्छी मर्दलाई जाल। अल्छी लागे काउसो घस्नु, ऋण लागे जमानी बस्नु। असल बाउआमाका छोराछोरी तीरभन्दा तिखा। असारमा सुरुवाल लगाउनेले मंसिरमा पराल चोर्छ। आज मर्यो भोलि औषधि। आधा दाम भए हिंड घोडा किन्न, खुर्सानी बिना भतेर अड्किन्न। एक आना धन छ बारी किन्छु भन्छ। कमलकोटीहरू माटाका दरबार बनाइरहन्छन्। काम छोडी कैबेद कुकुरलाई नैवेद। घिच्न जान्दैन पकाउनेलाई दोस। चीनको राजा भोटको नुन ज्यानै दिए नि देख्दैन गुन। जसकी आमा भान्से उसकै छोरो भोकै। जसले बोक्छ भारी खान्छ मेख मारी। जहाँ स्त्री उहीं श्री। डरलाग्दा मान्छेका घिनलाग्दा कुरा। पाडो खानेले बाच्छो राख्दैन। बाख्राले बिराउँछ

भेडाको कान काट्ने । सख्खरको नाम जपेर मुख गुलियो हुँदैन । हल्लिएको दाँत एक दिन फुस्कन्छ । हाँसीहाँसी कँसेको गाँठो रोईरोई फुकाउनु पर्छ । हत्केलामा तोरी उम्रदैन । हुँदैमा कदर गर्नु गुमेपछि मकालु नै ठडिए पनि काम छैन । (स्रोत : अध्येताको मौलिक उखान सर्वेक्षण २०८०)

**निष्कर्ष तथा उपादेयता**

यस अध्ययनमा पहिचान भएका १०५ वटा मौलिक उखानमध्ये विषयक्षेत्रका आधारमा अध्ययन गर्दा लोकविश्वास र व्यङ्ग्यसम्बन्धी उखानहरू बढी प्रचलनमा आएको पाइयो । यस आधारमा विश्लेषण गर्दा लोकविश्वाससम्बन्धी ३१ प्रतिशत र व्यङ्ग्यसम्बन्धी २९ प्रतिशत उखान प्रयोग हुने गरेको पाइएको छ । त्यसपछि, नैतिक शिक्षाको सन्दर्भमा १२ प्रतिशत र कृषि पेसासँग सम्बन्धित ११ प्रतिशत उखानहरूको प्रयोग भएको देखिएको छ । यसै गरी साइनो, खानपान र मानवीय स्वभावसम्बन्धी उखानहरु क्रमश: ७, ६, र ४ प्रतिशत प्रयोग भएको देखिएको छ । अर्कातर्फ वैचारिक आधारमा विश्लेषण गर्दा अरुण उपत्यकाभित्रका समाजमा यथास्थितिवादी उखानहरूको वर्चस्व रहेको पाइयो । अध्ययनमा यथास्थितिवादी उखानहरुको प्रयोग ७९ प्रतिशत रहेको छ भने परिवर्तनकारी विचारप्रदायक उखानहरू २२ प्रतिशत मात्र रहेको पाइयो । अत: समाजमा अझै पनि यथास्थितिवादी उखानहरु चलनचल्तीमा रहिरहेको अवस्थामा यी उखानाहरुलाई समसामयिक परिमार्जन गर्दै दैनिक जीवनमा प्रयोग गर्दै जगेर्ना गर्न सके समाजमा यसको उपादेयता झल्कन सक्ने देखिन्छ । यथास्थितिवादी उखानहरु समाजको प्रतिविम्ब रहेकोले यिनीहरूको परिवर्तनकारी परिमार्जनबिना समाजको भाषिक विकास गर्न कठिन हुने देखिन्छ ।

**सन्दर्भसूची**


अज्ञात, कपिल (२०५६), उखानको परिचय, वर्गीकरण र विश्लेषण, *विवेक* (वर्ष ११, अङ्क ४, पृ.३९) ।

अधिकारी, लक्ष्मीशरण (२०२३), नेपाली उखानको पर्यावारणीय अध्ययन, कौमोदकी : जर्नल अफ मल्टिडिसिनरी स्टडिज (अङ्क ३, पृ. ८०-९३) ।

आचार्य , दीक्षित राममणि (२०२७), उखान सङ्ग्रह, जगदम्बा प्रकाशन ।

उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पा.), (२०७९) *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल, देवी (२०५९), नेपाली उखानमा जातीय आरोप, *दीपशिखा* (वर्ष १३, अङ्क ७, पृ. ४३-५०) ।

पन्थी, टीकामणि (२०३६), *उखानका जराहरू, हाम्रो पुरुषार्थ* (वर्ष ७, अङ्क १, पृ.५-६) ।

पौड्याल, शिव (२०६३), *नेपाली उखानको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधपत्र : त्रिभुवन विश्व विद्यालय ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोक साहित्य,* साझा प्रकाशन ।

भट्टराई, प्रभा (२०५८), *सासु बुहारी वर्षौंदेखि जुहारी,* कान्तिपुर साप्ताहिक, वर्ष ७, अङ्क ६, पृ. १०) ।

सुबेदी, केशव (२०५५), *नेपाली लोक साहित्यको अध्ययन, अनुसन्धान परम्परा,* अनुसन्धान प्रतिवेदन, महेन्द्र संकृत विश्वविद्यालय ।